मिति : २०८२ असोज २९

सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं।

सर्वप्रथम, झाङ्गिँदै गएको दण्डहीनता, कुशासन, नीतिगत भ्रष्ट्राचार, असमानता तथा विभेदको विरोधमा भएको बलिदानीपूर्ण *जेन-जी आन्दोलन, २०८२* को लक्ष्यलाई सफल निकास दिन बनेको अन्तरिम सरकारको अध्यक्ष जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा हामी, नेपालको दश वर्षे माओवादी सशस्त्र द्वन्द्वका समस्त पीडित समुदाय, हार्दिक बधाई ज्ञापन गर्दछौं।

अन्तरिम सरकारको अध्यक्षको रूपमा यहाँको नियुक्ति नितान्त ऐतिहासिक क्षणमा भएको छ। युवापुस्ताले भ्रष्टाचार, सार्वजनिक स्रोतको दुरुपयोग, नातावाद र कृपावाद अन्त्य गर्न गरेको बलिदान खेर जान नदिनका लागि पारदर्शिता, जवाफदेहिता, दक्षताक्षमता, निष्पक्षता र समावेशी शासनका मान्यताहरूलाई तत्काल अंगीकार गर्नु आजको आवश्यकता हो।

यस पत्रमार्फत अन्तरिम सरकारलाई हामी स्मरण गराउन चाहन्छौं कि १३ फेब्रुअरी १९९६ (सशस्त्र द्वन्द घोषणा भएको दिन) देखि २१ नोभेम्बर २००६ (विस्तृत शान्ति सम्झौता भएको दिन) बीच जन्मेका *जेन-जी पुस्ताका* लाखौं युवा र उनका परिवारहरूले द्वन्द्वका कारण आफन्त गुमाउनु, बेपत्ता हुनु, बलात्कार र यौन हिंसाको सामना गर्नु, यातना सहनु, अंगभंग हुनु, घर–सम्पत्ति नष्ट हुनु, गोली तथा बम विस्फोटबाट घाइते वा अपाङ्ग हुनुजस्ता भयानक घटनाहरू भोगेका छन्।

विगतका घटनाहरूको छानबिन र संक्रमणकालीन न्यायको समयमै उचित व्यवस्थापन नगर्दा राज्य प्रणालीभित्र दण्डहीनताको जरा अझ मौलाएको छ। जसका कारण आज पनि युवाहरूको विरोधमाथि राज्यद्वारा अनावश्यक बल प्रयोग, गैरन्यायिक हत्या र हिंसा सहज बनेको देखिन्छ। यदि यस अवस्थाका मूल कारणहरूको गहन विश्लेषण र संवेदनशील सम्बोधन नगर्ने हो भने राज्य पुनः दमनकारी बन्ने र यस्ता घटना बारम्बार दोहोरिन सक्ने गम्भीर जोखिम रहिरहन्छ।

दश वर्षे सशस्त्र द्वन्द्व अन्त्य गर्न मिति २०६३ मंसिर ५ गते हस्ताक्षर गरिएको विस्तृत शान्ति सम्झौतामा द्वन्द्वका क्रममा मारिएका तथा बेपत्ता पारिएका व्यक्तिहरूको वास्तविक स्थिति ६० दिनभित्र सार्वजनिक गरी परिवारलाई जानकारी गराउने (धारा ५.२.३) र द्वन्द्वका क्रममा भएका गम्भीर मानवअधिकार उल्लङ्घन तथा मानवता विरुद्धका अपराधको सत्य तथ्य अन्वेषण गरी मेलमिलापको वातावरण निर्माण गर्न ६ महिनाभित्र उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने (धारा ५.२.५) प्रतिबद्धता गरिएको यहाँलाई विदितै छ।

तर, शान्ति सम्झौता भएको १९ वर्ष पुग्न लाग्दा समेत उक्त प्रतिवद्दताप्रतिको दायित्व बोध गरी द्वन्द्वकालमा मारिएका वा बेपत्ता पारिएका कुनै एक व्यक्तिको पनि वास्तविक स्थिति सार्वजनिक हुन सकेको छैन। द्वन्द्वकालीन गम्भीर मानवअधिकार उल्लङ्घनको कुनै पनि घटनामा अनुसन्धान भई पीडितलाई सत्य, न्याय र परिपूरण दिलाउन इमान्दार र ठोस पहल गरिएको छैन। आम द्वन्द पीडित समुदायको यस्तो संबेदनशील बिषय कुनै पनि सरकार र प्रमुख राजनीतिक दलहरूको प्राथमिकतामा कहिल्यै परेन। बरु पटक–पटक यसैलाई राजनीतिक सौदाबाजीको विषय बनाएर पीडित

समुदायलाई जालझेल, धोका र विभाजन गर्ने मात्र काम गरियो। हामीले पटक–पटक अदालतको ढोका ढकढक्यायौं। सम्मानित सर्वोच्च अदालतका यहाँसमेत न्यायाधीशको रूपमा संलग्न इजलासहरूले पटक–पटक पीडितको न्याय र परिपूरण सुनिश्चित गर्न आदेश दिँदा पनि न्याय दिन सक्ने उचित कानुन, विश्वसनीय प्रक्रिया र आयोग दलहरुकै स्वार्थका कारण बन्न सकेन।

सम्माननीय प्रधानमन्त्रीज्यू, हामी फेरि पनि स्मरण गराउन चाहन्छौं कि हाम्रो सत्य, न्याय र परिपूरणको मागलाई सम्बोधन गर्ने नाममा अहिलेसम्म तीन पटक सत्य आयोग र बेपत्ता आयोग गठन भइसकेका छन्। तर स्पष्ट मापदण्ड, विश्वसनीय र पारदर्शी सार्वजनिक छनोट प्रक्रिया अवलम्बन गरेर दक्ष, विज्ञ र सक्षम व्यक्तिहरूको चयन गरी आम पीडित र नागरिक समाजको अपनत्व, विश्वास र स्वीकार्यता हुने आयोगहरू गठन गर्ने हाम्रो वैध चासो बारम्बार उपेक्षा गरिएको छ। बरु, दलीय भागबण्डा, नातावाद र कृपावादलाई बढावा दिँदै आफ्ना निकटस्थ र वफादार कार्यकर्ताहरूलाई पद बाँडफाँड गर्ने थलो बनाइयो। यसरी बनेका नियन्त्रित आयोगहरूले संक्रमणकालीन न्यायका नाममा पीडितलाई निराशा बाहेक केही दिएनन्।

विगतका असफल आयोग र राज्य स्रोतको दुरुपयोगबाट कुनै पाठ नसिकि, फेरि त्यही राजनीतिक भागवण्डाको प्रवृत्तिको पुनरावृत्ति गरेर अपारदर्शी प्रक्रिया अघि बढाइँदा हालै जेठ महिनामा समेत अपेक्षाकृत स्वतन्त्र, प्रभावकारी र सक्षम आयोग गठन हुन सकेन। यसले राजनीतिक दलहरूले आयोगलाई पूर्ण नियन्त्रणमा राख्ने र आफु अनुकुलको काम गराउने नियत देखाएको छ। पीडित समुदायलाई संरक्षण गर्नुपर्ने सरकारले उल्टै उनीहरूलाई पीडा दिने र पीडकलाई उन्मुक्ति दिने बाटो लिएको हामीले अनुभूत गरेका छौं। सरकार र दलहरुको निरन्तरको यस्तो गैरजिम्मेवार ब्यबहार हामी पीडित समुदाय झन् निरास र आक्रिषित भएका छौं, सरकार र आयोगप्रति हाम्रो बिश्वास र भरोसा खण्डित भएको छ |

हिजोका तीन प्रमुख राजनीतिक दलका नेतृत्वको भागबण्डा र निगाहामा हालै तेस्रो पटक गठित सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिको छानबिन आयोगप्रति आम द्वन्द्वपीडित समुदायको असहमति र व्यापक विरोध रहेको कुरा तपाईंलाई अवगतै छ। यदि दलीय भागबण्डाका आधारमा आफ्ना वफादार पात्रहरूलाई देखावटी र अपारदर्शी प्रक्रियाबाट नियुक्ति नगरेको भए, पीडित समुदायले पटक–पटक माग गर्दा र सूचनाको हक प्रयोग गर्दा पनि छनोटको स्पष्ट मापदण्ड र आधारसम्बन्धी जानकारी दिन अस्वीकार गरिँदैनथ्यो। यसबाट तत्कालीन सरकार, सम्बन्धित मन्त्रालय र राजनीतिक दलहरूको नियत र संक्रमणकालीन न्यायमाथि गरिएको षड्यन्त्र स्पष्ट हुन्छ।

यस प्रक्रियामा सार्वजनिक सुनुवाइ त परै जाओस्, पीडितहरूसँग एकपटक पनि परामर्श नगरिएको, उनीहरूको भावनाअनुरूप सक्षम र विवेकशील व्यक्तिहरूलाई शॉर्टलिस्टमै निषेध गरिएको, छनौटको स्पष्ट मापदण्ड, विश्वसनीय प्रक्रिया र पीडितलाई पूर्णतः वेवास्ता गरिएको तथा पहिले नै तय गरिएका पात्रलाई समिति मार्फत सिफारिस गराएर नियुक्ति गरिएको कारण पीडित समुदायले यस्तो समाधान नदिने, राजनीतिक दल–नियन्त्रित "कठपुतली" आयोगलाई अस्वीकार गरेको कुरा अनुरोध गर्दछौं।

यसरी गठित आयोगविरुद्ध सातै प्रदेशका द्वन्द्वपीडित समुदायसँग गरिएको व्यापक परामर्शका आधारमा गत साउनमा ६७ जिल्लाका ३३४ जना द्वन्द्वपीडितले आयोगमा गरिएको स्वेच्छाचारी, अवैधानिक र राजनीतिक भागबण्डामूलक नियुक्ति बदर गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट समेत दर्ता गरेका छन्।

सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रीज्यू,

राज्यका हरेक निकायलाई चरम राजनीतिकरण गरी विधि र प्रक्रिया उल्लङ्घन गरेर नेताका नातागोता वा निकटस्थलाई नियुक्त गर्ने, राज्य शक्तिको दुरुपयोग गर्ने र भ्रष्टाचार गर्ने प्रवृत्तिले जनमानसमा चरम निराशा र आक्रोश बढाएको छ। यही कारणले *जेन-जी आन्दोलन* भएको हो।

राज्यका संवैधानिक, कानुनी तथा अन्य निकायहरूमा निगाहा र राजनीतिक भागबण्डाका आधारमा जथाभावी नियुक्ति गर्नु नै नीतिगत भ्रष्ट्राचार र राज्य शक्तिको दुरुपयोग हो। त्यसैले त्यस्ता सबै नियुक्ति खारेज गर्नुपर्छ। त्यस्ता निकायमा योग्य, दक्ष, सक्षम र परिणाममुखी व्यक्तिलाई नियुक्त गरी, उनीहरूलाई जवाफदेहीतामा राखी, नागरिक हितमा काम गर्न लगाउनुपर्छ—यही नै आन्दोलनको मुख्य माग हो।

अनेकौं पीडा र आक्रोशका बाबजुद हामी द्वन्द्वपीडितहरूले हालसम्म शान्तिपूर्ण ढंगले आफ्ना मागहरू राख्दै आएका छौं। यी मागहरू भ्रष्टाचार र कुशासनविरुद्ध हालै भएको *जेन-जी आन्दोलन*का मागसँग समान छन्।

त्यसैले, द्वन्द्वपीडित समुदाय र जेन-जी समूहहरूको चाहना तथा भावना अनुरूप अन्तरिम सरकारले अविलम्ब तलका कदम चाल्न तपाईंको ध्यानाकर्षण गराउँछौंः

**१.** पारदर्शिता र पीडित समुदायको भावनाको उपेक्षा गर्दै दलीय स्वार्थअनुसार अविश्वसनीय ढंगले चयन गरी नियुक्त गरिएका हालका आयोग पदाधिकारीलाई तत्काल पदबाट राजीनामा गराई फिर्ता गर्ने।

**२.** संक्रमणकालीन न्यायसम्बन्धी ऐनअनुरूप विश्वसनीय, पारदर्शी र पीडितमैत्री सिफारिस समिति तत्काल गठन गर्ने।

**३.** समाज र द्वन्द्वपीडितहरूले विश्वास गरेका, सक्षम र निष्पक्ष व्यक्तिहरूमध्येबाट विश्वसनीय, स्वतन्त्र र पारदर्शी छनोट प्रक्रियामार्फत ऐनअनुरूप उच्चस्तरीय आयोग गठन गर्ने, जसले संक्रमणकालीन न्याय प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने क्षमता राख्छ।

**४.** दण्डहीनताको संस्कृतिलाई अन्त्य गर्न, हालै भदौ २३ गते *जेन-जी आन्दोलन*मा अनावश्यक, गैरकानुनी र असमानुपातिक बल प्रयोग गरी निहत्था व्यक्तिहरुको ज्यान लिइएको घटनासहित, भदौ २४ गते सार्वजनिक तथा निजी सम्पत्तिमाथि गरिएका आगजनी र तोडफोडका आपराधिक घटनाहरूको निष्पक्ष, स्वतन्त्र र पारदर्शी छानबिन गर्न विशेष न्यायिक आयोग तत्काल गठन गर्ने। दोषी देखिएका सबैलाई कानुनी दायरामा ल्याई जवाफदेहिता सुनिश्चित गर्ने।

हामी विश्वास गर्दछौं कि तपाईंको नेतृत्वमा राज्यका संस्थाहरू अझ सबल हुनेछन् र नागरिक—विशेषगरी युवापुस्ताको—विश्वास पुनःस्थापित हुनेछ। यो केवल न्याय, जवाफदेहिता, विधिको शासन र सुशासन सुनिश्चित गर्ने ठोस कदममार्फत मात्र सम्भव छ। साथै, भ्रष्टाचार र कुशासनविरुद्ध युवाहरूले उठाएको सुशासन र जवाफदेहिताको मागलाई सम्बोधन गर्दै देशले व्यहोरिरहेको विद्यमान संकटबाट मुक्ति पाउने र हामी द्धन्द्धपीडित लगायत सबैले न्यायको अनुभूति गर्न पाउने अपेक्षा गर्दछौं।

**बोधार्थ :**

माननीय मन्त्री अनिलकुमार सिन्हा ज्यू,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं |

**अपीलकर्ता :**

द्वन्द्वपीडित संघ–संस्था, सञ्जाल तथा द्वन्द्वपीडितहरू

*१. द्वन्द्व पीडित साझा चौतारी, उपाध्यक्ष, बद्रि बहादुर के. सी.*
*२. द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल, अध्यक्ष, गीता रसाइली*
*३. गम्भीर मानब अधिकार उल्लङ्घनका पीडितहरुको राष्ट्रिय संजाल, अध्यक्ष, राम कुमार भण्डारी*
*४. अपांगता भएका द्वन्द्व पीडितहरूको राष्ट्रिय सञ्जाल, अध्यक्ष, सुरेन्द्र खत्री*
*५. द्वन्द्व पीडित राष्ट्रिय सञ्जाल, अध्यक्ष, गोपाल बहादुर शाह*
*६. गुरु लुइँटेल अध्ययन तथा बिकास केन्द्र, अध्यक्ष, फडिन्द्र लुइँटेल*
*७. सृजना श्रेष्ठ, संस्थापक अध्यक्ष, द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल*
*८. शुसीला चौधरी, द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल, महासचिव*
*९. बेपत्ता परिवार समाज नेपाल, अध्यक्ष, रुपेश शाह*
*१०. राष्ट्रिय स्मृति सञ्जाल, अध्यक्ष, निरञ्जन कुमार चौधरी*
*११. माओवादी पीडित राष्ट्रिय संघर्ष समिति, नेपाल, अध्यक्ष कल्याण बुढाथोकी*
*१२. द्वन्द्व प्रभावित सरोकार केन्द्र, दाङ, अध्यक्ष, चन्द्र बहादुर चौधरी*
*१३. न्यायका लागि द्वन्द्वपीडित समाज, अध्यक्ष रमिला जोशी*
*१४. नेपाल माओवादी पीडित संघ, अध्यक्ष धर्मराज न्यौपाने*
*१५. द्वन्द्व व्यवस्थापन तथा विस्थापित सरोकार केन्द्र, महासचिव, मोहन परियार*
*१६. शहिद तथा बेपत्ता स्मृति प्रतिष्ठान, अध्यक्ष, दयासागर घिमिरे*
*१७. द्वन्द्वपीडित अपांग संघ, दोलखा, अध्यक्ष कृष्ण बहादुर घिसिङ*
*१८. बाँदरमुढे घटनापीडित सरोकार समिति, उपाध्यक्ष, कृष्ण अधिकारी*
*१९. द्वन्द्वपीडित स्वरोजगार तथा सीपमूलक तालिम केन्द्र, मोरङ, अध्यक्ष, भीम बहादुर राउत*
*२०. बेपत्ता परिवार समाज नेपाल, सुनसरी,सचिव, इन्द्रकला राई शाह*
*२१. झापाली बेपत्ता स्मृति स्तम्भ पार्क, अध्यक्ष, डिल्लीप्रसाद रिजाल*
*२२. द्वन्द्वपीडित टुहुरा समाज, संस्थापक अध्यक्ष, केपी अधिकारी*
*२३. सामाजिक न्याय समिति नेपाल, अध्यक्ष, बिष्णुमणि भण्डारी*
*२४. द्वन्द्वपीडित अधिकार मञ्च म्याग्दी अध्यक्ष भिम बहादुर रिजाल*
*२५. द्वन्द्वपीडित कृषक हकहित संरक्षण समाज कैलाली, अध्यक्ष गणेश बहादुर मल्ल*
*२६. द्वन्द्वपीडित महिला राष्ट्रिय संजाल, म्याग्दी, अध्यक्ष देवी कुमारी केसी*
*२७. द्वन्द्वपीडित तथा एकता विकास केन्द्र, अध्यक्ष सीता बोहरा, धनगढी*
*२८. बेपत्ता परिवार राष्ट्रिय संजाल, अध्यक्ष, रत्न घिमिरे*
*२९. द्वन्द्वपीडित शिक्षक समाज अध्यक्ष हिरा तिवारी*
*३०. द्वन्द्वपीडित राष्ट्रिय समाज सचिव, ज्ञानेन्द्र आरण*
*३१. द्वन्द पीडित समाज कोशी प्रदेश, अध्यक्ष, रुपेश शाह*
*३२. साबित्रि खड्का, सचिव, द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल*
*३३. द्धन्द्धपीडित महिला सञ्जाल नवलपुर, अध्यक्ष, पार्वती सिग्देल*
*३४. बेपत्ता योद्दा समाज, महासचिब, नवराज ढुंगाना*
*३५. द्वन्द्व पिडित अधिकार मञ्च म्याग्दी, अध्यक्ष*

*३६. मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समुह, महासचिव, प्रदिप अधिकारी*

*३७. सुमन अधिकारी, द्वन्द्व पीडित साझा चौतारी, संस्थापक अध्यक्ष*

**पेश गर्ने :**

*आम द्वन्द पीडित समुदाय केन्द्रीय सचिवालयको तर्फवाट*

| | |
|---|---|
| *सृजना श्रेष्ठ* | *गीता रसाइली* |
| *सुरेन्द्र खत्री* | *शुशिला चौधरी* |
| *गोपाल शाह* | *फडिन्द्र लुइँटेल* |
| *राम भण्डारी* | *सुमन अधिकारी* |
| *रुपेश शाह* | |